apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्षः १२ ● अंकः २२८ ● पृष्ठः ४ ● १८ भदौ २०८३ विहीबार (03 September 2026. Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## रमौलवासीद्वारा बाढीपीडितका लागि १३ लाख ४४ हजार सहयोग

### उद्धार, राहत र पुनःस्थापनाका लागि स्वैच्छिक रूपमा रकम संकलन गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा




✍ रुन्केश कामती/अपन दैनिक
सिरहा, भदौ १७ गते

सिरहा नगरपालिका-४ रमौलका स्थानीयवासीले भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि १३ लाख ४४ हजार ६ सय रुपैयाँ सहयोग गरेका छन्।

भोटेकोशी नदीमा भदौ १० गते आएको बाढीबाट रसुवा, नुवाकोट, धादिङलगायतका तटीय क्षेत्रमा ठूलो जनधनको क्षति भएपछि पीडित परिवारको सहयोगका लागि रमौलका स्थानीयवासीले स्वैच्छिक रूपमा आर्थिक सहयोग संकलन गरेका हुन्। विपद्का कारण प्रभावित परिवारको तत्काल उद्धार तथा राहतसँगै आगामी दिनमा पुनःस्थापनाका लागि सहयोग पुगोस् भन्ने उद्देश्यले गाउँवासीले रकम संकलन अभियान सञ्चालन गरेका थिए।

स्थानीय ज्येष्ठ नागरिक, युवा तथा विभिन्न उमेर समूहका गाउँवासीको सहभागितामा संकलन गरिएको रकम २०८३ भदौ १७ गते राष्ट्रिय वाणिज्य बैंक, सिरहा शाखामार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको खातामा जम्मा गरिएको वडाध्यक्ष मोहम्मद समसद आलमले जानकारी दिए।

वडाध्यक्ष आलमका अनुसार विपद्को समयमा राज्य तथा सम्बन्धित निकायलाई सहयोग पुर्‍याउनुका साथै बाढीबाट प्रभावित नागरिकप्रति स्थानीय समुदायको ऐक्यबद्धता जनाउने उद्देश्यले रकम संकलन गरिएको हो। स्थानीयवासीले आफ्नो

बाँकी पृष्ठ ३ ▸▸

## भोटेकोसी बाढीपीडितका लागि एम्बिसन एकेडेमीको सहयोग



✍ अपन दैनिक संवाददाता
सिरहा, भदौ १७ गते

सिरहा सदरमुकामा रहेकोएम्बिसन एकेडेमी स्कूलले भोटेकोसी बाढीबाट प्रभावित तथा पीडितका लागि आर्थिक सहयोग गरेको छ।

प्रधानमन्त्री विपद् कोषमा १५ हजार १२५ सहयोग गरेको जम्मा गरि आर्थिक सहयोग गरेको हो । बाढी प्रभावितका लागि विद्यालयमा अध्ययनरत विद्यार्थी तथा शिक्षकहरूले स्वेच्छिक रूपमा संकलन गरेको रकम राहतस्वरूप प्रधानमन्त्री विपद् कोषमा जम्मा गरिएको विद्यालयले जनाएको छ। बाढीमा ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्न विद्यालय परिसरमा श्रद्धाञ्जली कार्यक्रमसमेत आयोजना गरिएको थियो। कार्यक्रममा विद्यार्थी, शिक्षक तथा विद्यालय परिवारले मृतकहरूप्रति सम्मान प्रकट गर्दै एक मिनेट मौनधारण तथा मैनबत्ती प्रज्वलन गरेका थिए।

कार्यक्रममा बाढीका कारण घाइते भएकाहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै बेपत्ता भएकाहरूको खोजी तथा उद्धार कार्यलाई तीव्रता दिन सरकारसँग आग्रह गरिएको थियो । विपद्को यस कठिन घडीमा प्रभावित परिवारलाई आवश्यक राहत तथा सहयोग उपलब्ध गराउन सबै पक्षले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्नेमा पनि जोड दिइएको थियो।

## दुर्घटनाका आरोपित रिहा भएपछि पीडित परिवार असन्तुष्ट, प्रहरी भन्छ- 'उजुरी नै आएन'



✍ राम नारायण ठाकुर
सिरहा, भदौ १७ गते

सिरहाको बन्दीपुरमा मोटरसाइकलको ठक्करबाट एक महिला गम्भीर घाइते भएको घटनामा दुर्घटनाका आरोपितलाई पीडित पक्षको सहमतिबिनै रिहा गरिएको भन्दै परिवारले आपत्ति जनाएको छ। प्रहरीले भने पीडित पक्षबाट समयमै उजुरी नआएकाले कानुनी प्रक्रियाअनुसार आरोपितलाई रिहा गरिएको जनाएको छ।

गत भदौ १० गते पूर्व-पश्चिम राजमार्गअन्तर्गत बन्दीपुरमा तीन जना सवार मोटरसाइकल गलत दिशाबाट आएर ठक्कर दिँदा मिर्चैया नगरपालिका-८ की ४६ वर्षीया ललिता यादव घाइते भएकी थिइन्।

दुर्घटनापछि इलाका प्रहरी कार्यालय मिर्चैयाले मोटरसाइकलमा सवार सिरहाको सुखीपुर निवासी इन्द्रजीत महरालाई नियन्त्रणमा लिएर कार्यालयमा ल्याएको थियो। पीडित परिवारका अनुसार महरासँग सवारी चालक अनुमतिपत्रसमेत छैन।

तर, पीडित पक्षसँग छलफल वा सहमति नगरी प्रहरीले महरालाई रिहा गरेको परिवारको आरोप छ। एक जना वडाध्यक्षको दबाबमा आरोपितलाई छाडिएको दाबीसमेत परिवारले गरेको छ।

घाइते ललिता यादवका भाइ राजाराम यादवले इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रहरी नायब उपरीक्षक पुरुषोत्तम पाण्डेले आर्थिक प्रलोभनमा परी आरोपितलाई रिहा गरेको आरोप लगाए।

'पीडितको उपचार खर्चसमेत नतिरी किन छाडियो भनेर सोध्दा प्रहरीले उल्टै झपारे,' उनले भने।

दुर्घटनामा गम्भीर घाइते ललिताको मिर्चैयास्थित मनकामना मिड ईस्टर्न अस्पतालमा उपचार भइरहेको छ। उनको तिघ्रा तथा जाँघको हड्डी भाँचिएपछि शल्यक्रिया गरी स्टील राखिएको परिवारले जनाएको छ।

परिवारका अनुसार उपचारमा अहिलेसम्म करिब २ लाख रुपैयाँ खर्च भइसकेको छ । आरोपित पक्षले उपचार खर्चसमेत नबेहोरेको परिवारको दाबी छ।

प्रहरीबाट उचित निकास नपाए विभागीय उजुरीका साथै अदालतमा

बाँकी पृष्ठ २ ▸▸

## सिरहा कारागारका कैदीबन्दीद्वारा विपद् उद्धार कोषमा ४५ हजार सहयोग




✍ अपन दैनिक संवाददाता
सिरहा, भदौ १७ गते

सिरहा कारागारमा रहेका कैदीबन्दीहरूले भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित व्यक्तिहरूको उद्धार, राहत तथा पुनर्नस्थापनाका लागि आर्थिक सहयोग गरेका छन्।

भदौ १० गते रसुवास्थित भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङलगायतका तटीय क्षेत्रमा ठूलो जनधनको क्षति भएपछि कैदीबन्दीहरूले स्वैच्छाले उक्त रकम संकलन गरेका हुन्।

कारागार कार्यालय सिरहाका अनुसार कैदीबन्दीहरूले २०८३ भदौ १७ गते राष्ट्रिय वाणिज्य बैंक सिरहामार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको खातामा रु ४५ हजार रूपैयाँ सहयोग रकम जम्मा गरेका छन्। कारागारका कर्मचारी तथा सम्पूर्ण कैदीबन्दीहरूले बाढीका कारण ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभ र बेपत्ताहरूको सकुशल उद्धारको कामना गरेका छन्।

कारागार प्रशासक विकल श्रेष्ठले विपद्को समयमा सहयोग पुर्‍याउने पवित्र कार्यका लागि सिरहा कारागारमा रहेका सम्पूर्ण कैदीबन्दीहरूलाई धन्यवाद व्यक्त गरेका छन्।

## लहान प्रादेशिक अस्पतालमा सेवाग्राहीको भीड

### अव्यवस्थित भीड र प्रभावकारी पालो प्रणालीको अभावले सेवाग्राही मर्कामा



✍ अपन दैनिक संवाददाता
सिरहा, भदौ १७ गते

सिरहाको लहानस्थित प्रादेशिक अस्पतालमा उपचार तथा स्वास्थ्य सेवा लिन पुगेका सेवाग्राहीको भीड र देखिएको अव्यवस्थित अवस्थाले अस्पतालको सेवा व्यवस्थापनमाथि प्रश्न उठाएको छ । अस्पतालमा सेवाग्राहीको चाप उच्च देखिए पनि भीड व्यवस्थापन तथा सेवा प्रवाहलाई थप व्यवस्थित बनाउनुपर्ने आवश्यकता देखिएको छ।

स्वास्थ्य सेवा लिन आउने नागरिकको संख्या ठूलो हुनु सरकारी अस्पतालका लागि अस्वाभाविक होइन। तर सेवाग्राहीको चापअनुसार कर्मचारी परिचालन, सेवा कक्षको व्यवस्थापन, स्पष्ट सूचना तथा प्रभावकारी पालो प्रणाली सुनिश्चित गर्नु अस्पताल प्रशासनको महत्वपूर्ण जिम्मेवारी हो।

अस्पतालमा व्यवस्थित लाइन र पालो प्रणाली हुनु केवल भीड नियन्त्रण गर्ने माध्यम मात्र होइन, सबै सेवाग्राहीलाई समान र पारदर्शी रूपमा सेवा उपलब्ध गराउने आधार पनि हो। लाइनको प्रभावकारी व्यवस्था नहुँदा पहुँच, चिनजान वा प्रभावका आधारमा अगाडि सेवा पाउने सम्भावना बढ्न सक्छ । यसको विपरीत, स्पष्ट र पारदर्शी पालो प्रणालीले 'पहिले आउनेले पहिले सेवा पाउने' आधार सुनिश्चित गर्न सहयोग गर्छ।

उपचारका लागि अस्पताल पुगेका बिरामी तथा उनका आफन्तले लामो समय भीडमा उभिनुपर्ने, सेवा लिन कठिनाइ हुने वा आफ्नो पालोबारे स्पष्ट जानकारी नपाउने अवस्था रहेमा त्यसको प्रत्यक्ष असर स्वास्थ्य सेवामा नागरिकको पहुँचमा पर्न सक्छ।

सरकारी स्वास्थ्य संस्थाका रूपमा रहेको प्रादेशिक अस्पताल लहानमा दैनिक आउने सेवाग्राहीको चापलाई ध्यानमा राख्दै भीड व्यवस्थापन, सेवा कक्षको प्रभावकारी परिचालन,

बाँकी पृष्ठ ३ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

## सिरहामा मानव बेचबिखन रोक्न ठोस पहल

मानव बेचबिखन ठूलो चुनौती हो । विशेषगरी मधेश प्रदेशका सिरहा जिल्ला सीमावर्ती जिल्ला हो । त्यही भएर सिरहामा बालबालिकालाई विभिन्न बहानामा भारततर्फ लैजाने, श्रमिकका रूपमा प्रयोग गर्ने, होटल तथा अन्य क्षेत्रमा यौन शोषणमा पार्ने र जोखिमपूर्ण गतिविधिमा संलग्न गराउने सम्भावना देखिनु अत्यन्त चिन्ताजनक विषय हो । यस्ता घटनाले मानव बेचबिखनविरुद्ध राज्यका प्रयास अझ प्रभावकारी र परिणाममुखी हुनुपर्ने आवश्यकता देखाएको छ । मानव बेचबिखनविरुद्धको २०औं राष्ट्रिय दिवसका अवसरमा सिरहामा सचेतनामूलक तथा सन्देशमूलक कार्यक्रम आयोजना गर्ने निर्णय सकारात्मक छ । जिल्ला प्रशासन कार्यालयमा भएको पूर्वतयारी बैठकले जोखिममा रहेका बालबालिका तथा अन्य व्यक्तिको संरक्षण, जनचेतना अभिवृद्धि र ऱ्यालीलगायतका कार्यक्रम गर्ने निर्णय गर्नु स्वागतयोग्य कदम हो । तर दिवस मनाउने औपचारिकतामा मात्र सीमित भएर मानव बेचबिखन नियन्त्रण हुन सक्दैन । सचेतना कार्यक्रमसँगै जोखिम पहिचान, निगरानी, उद्धार, पुनःस्थापना र दोषीमाथि कानुनी कारबाहीलाई निरन्तरता दिनुपर्छ ।

सिरहासँगै मधेश प्रदेशका जिल्लाहरुमामा देखिएका सम्भावित जोखिमका क्षेत्र झन् संवेदनशील छन् । बालबालिकालाई सर्कसमा प्रयोग गर्ने, नाबालकलाई समूहमा भारत लैजाने, श्रमिकका रूपमा शोषण गर्ने तथा होटलमा हुने यौनजन्य गतिविधिमा बालबालिका वा कमजोर अवस्थाका व्यक्तिलाई प्रयोग गर्ने प्रवृत्तिमाथि विशेष निगरानी आवश्यक छ । त्यस्तै, नेपालमा खेलाडीका रूपमा प्रवेश गरेका विदेशी नागरिक छिमेकी मुलुकतर्फ जाने अवस्थासमेत सुरक्षा निकायका लागि अध्ययन र निगरानीको विषय बन्नुपर्छ । मानव बेचबिखनका घटना प्रायः लुकेर हुने भएकाले सतही निगरानीले मात्र पर्याप्त परिणाम दिन सक्दैन । सीमावर्ती क्षेत्रमा मानव बेचबिखन नियन्त्रणका लागि सुरक्षा निकाय, स्थानीय तह, विद्यालय, नागरिक समाज, सञ्चारमाध्यम, महिला तथा बालबालिकासम्बन्धी संस्थाहरू र समुदायबीच प्रभावकारी समन्वय हुन आवश्यक छ । विशेषगरी स्थानीय तहले आफ्नो क्षेत्रका जोखिममा रहेका बालबालिका तथा परिवारको पहिचान गरी संरक्षणका कार्यक्रम सञ्चालन गर्नुपर्छ । विद्यालयमा नियमित रूपमा मानव बेचबिखन, बालअधिकार, सुरक्षित वैदेशिक रोजगारी र अपरिचित व्यक्तिबाट हुने जोखिमबारे शिक्षा दिनुपर्छ । अभिभावकलाई पनि रोजगारी, शिक्षा वा अन्य प्रलोभनमा आफ्ना बालबालिका अपरिचित व्यक्तिसँग पठाउँदा हुन सक्ने जोखिमबारे सचेत बनाउनुपर्छ ।

सिरहा जिल्लामा मानव बेचबिखनमा संलग्न व्यक्तिहरूमाथि कानुनको प्रभावकारी कार्यान्वयन हुनुपर्छ । पीडितको उद्धार गरेर मात्र राज्यको दायित्व पूरा हुँदैन । बेचबिखनमा संलग्न व्यक्ति, बिचौलिया, सहयोगी तथा संगठित गिरोहको पहिचान गरी अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउनुपर्छ । राजनीतिक, आर्थिक वा सामाजिक प्रभावका कारण कुनै पनि दोषी उम्कन पाउनु हुँदैन । कारबाहीमा हुने ढिलाइ वा कमजोरीले अपराधीको मनोबल बढाउँछ र पीडितलाई थप जोखिममा पार्छ । पीडितको संरक्षण पनि उत्तिकै महत्वपूर्ण छ । उद्धार गरिएका बालबालिका तथा अन्य पीडितलाई सुरक्षित आश्रय, स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श, शिक्षा, सीप तथा पुनःस्थापनाको व्यवस्था गरिनुपर्छ । पीडितलाई दोषीझैं व्यवहार गर्ने वा सामाजिक रूपमा अपहेलित गर्ने प्रवृत्ति अन्त्य गर्नुपर्छ । मानव बेचबिखनबाट प्रभावित व्यक्तिलाई समाजमा सम्मानपूर्वक पुनःस्थापित गर्नु राज्य र समुदाय दुवैको जिम्मेवारी हो । यसैले सिरहामा मनाइने मानव बेचबिखनविरुद्धको राष्ट्रिय दिवसलाई ऱ्याली, भाषण र नारामा मात्र सीमित गर्नु हुँदैन । यसलाई जिल्लामा मानव बेचबिखनविरुद्ध ठोस कार्ययोजना लागू गर्ने अवसरका रूपमा उपयोग गर्नुपर्छ । जोखिमयुक्त स्थानको पहिचान, सीमा क्षेत्रमा कडा निगरानी, नियमित अनुगमन, पीडितको शीघ्र उद्धार, प्रभावकारी अनुसन्धान र दोषीमाथि कठोर कानुनी कारबाहीलाई प्राथमिकता दिनुपर्ने गरी ठोस पहल आवश्यक छ । अनि मात्र यसलाई रोक्न सकिन्छ ।


# भोटेकोशीमा बगेको मधेशको सपना

**भोटेकोशीको विपद्को अर्को गम्भिर पाटो पनि छ । बाढीले नदी किनारका घर, सडक, पुल र जलविद्युत् आयोजना मात्र बगाएको छैन । यसले नेपालको विकास निर्माणमा संलग्न श्रमशक्ति र जोखिम ठाउँमा बसेको बस्तीहरूको सुरक्षामाथि पनि गम्भिर प्रश्न खडा गरेको छ ।**



राजेश विद्रोही

> **भोटेकोशीको विपद्लाई केवल प्राकृतिक विपदको रुपमा मात्र हेर्नु हुँदैन । किनभने यसले रोजगारी नीति, विकासको प्राथमिकता, श्रमिक सुरक्षा र विपद् व्यवस्थापनको अवस्थालाई एकैपटक कठघरामा उभ्याएको छ**



२०८३ भदौ १० गते रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीमा यतिबेला मधेशको सपना पनि बगेको छ । प्रहरीको पछिल्लो विवरणअनुसार मधेश प्रदेशका आठवटै जिल्लाबाट करिब १६२ जना अझै सम्पर्कविहीन छन् । सप्तरीबाट ४८, पर्साबाट ३८, बाराबाट २३, सर्लाहीबाट १६, रौतहटबाट १३, महोत्तरीबाट १०, सिराहाबाट ८ र धनुषाबाट ६ जना सम्पर्कविहीन रहेको विवरण सार्वजनिक भएको छ । प्रारम्भिक रूपमा सम्पर्कविहीन भनिएका १९२ जनामध्ये ३० जना परिवारको सम्पर्कमा आएका छन् । माथि उल्लेखित यी संख्या केवल सरकारी अभिलेखका अंक होइनन् । प्रत्येक अंक पछाडि एउटा घर छ, एउटा परिवार छ, एउटी आमाको आँसु छ, श्रीमतीको प्रतीक्षा छ, बालबालिकाको प्रश्न छ र वृद्ध बाबुआमाको ठूलो आशा पनि छ ।

सप्तरीको बोदेबरसाइन नगरपालिका-८, काचनटोलमा अहिले एउटा सिंगो बस्ती र घरको आँगन सुनसान छ । एउटै परिवारका तीन दाजुभाइ–देवकुमार यादव, शिवकुमार यादव र सचित यादव–को प्रतीक्षामा पुरै बस्ती र परिवार चिन्तामा छन् । तीनै दाजुभाइ रोजगारीका लागि रसुवा पुगेका थिए । देवकुमार इन्जिनियर थिए, सचित ओभरसियर र शिवकुमार सुपरभाइजर। तीनै जना एउटै जलविद्युत् आयोजनामा कार्यरत थिए । घरमा वृद्ध आमाबुबा छन् । छोराहरू रोजगारीका लागि हिमाल पुगेका थिए । उनीहरू घर फर्केर आउने, परिवारको भविष्य बनाउने र बुढेसकालको सहारा बन्ने सपनासहित गएका थिए । तर अहिले परिवारसँग उनीहरूको न लास छ, न सासको खबर छ ।

काचनटोलको यो कथा एउटा परिवारको मात्र कथा होइन । यो सिंगो देश र मधेशका हजारौं परिवारको साझा कथा हो । जहाँ रोजगारीको अभावले युवा घरबाट टाढा जान्छन् र परिवारको भविष्य उसको कमाइसँग जोडिन्छ । त्यही भिडमा धनुषाको कमला नगरपालिकाका ३० वर्षीय इन्जिनियर अजयप्रसाद सिंह पनि थिए । उनी दोसान जलविद्युत् परियोजनामा कार्यरत थिए । बाढीपछि उनी पनि सम्पर्कविहीन भएका छन् । घरमा उनकी श्रीमती पूजा सिंह एक महिनाकी सुत्केरी छन् । काखमा नवजात शिशु छ । बच्चाले बाबुलाई चिन्नसमेत पाएको छैन । तर आमाले बाबु फर्केर आउँछन् कि भन्ने ठूलो आशामा ढोका हेरिरहेकी छन् । उता माथिल्लो त्रिशूली-३ 'ए' जलविद्युत् आयोजनामा कार्यरत ४६ जना कर्मचारी पनि बेपत्ता भएको विवरण सार्वजनिक भएको छ । तीमध्ये सिभिल इन्जिनियर दिलीप यादव, मेकानिकल इन्जिनियर राजेन्द्र ढकाल र महेन्द्र विक्रम शाहीजस्ता प्राविधिक जनशक्ति पनि छन् ।

यी घटनाले भोटेकोशीको विपद्को अर्को गम्भिर पाटो देखाउँछन् । बाढीले नदी किनारका घर, सडक, पुल र जलविद्युत् आयोजना मात्र बगाएको छैन । यसले नेपालको विकास निर्माणमा संलग्न श्रमशक्ति र जोखिम ठाउँमा बसेको बस्तीहरूको सुरक्षामाथि पनि गम्भिर प्रश्न खडा गरेको छ । हिमालमा जलविद्युत् आयोजना बन्छन् । सुरुङ खनिन्छन् । सडक र पुल निर्माण हुन्छन् । ती संरचना बनाउने हात भने देशका विभिन्न गाउँबाट आएका हुन्छन् । मधेशका खेतबाट, पहाडका बस्तीबाट र दुर्गम गाउँका परिवारबाट आएका युवाले नेपालको विकासको भार बोकेका छन् । तर विकासको संरचना बनाउने ती मानिसहरूको सुरक्षाको संरचना हाम्रो कति बलियो छ, यसपटक गम्भिर रुपमा उजागर भएको छ ।

बाढी आउनुअघि पूर्वसूचनाको गति हाम्रो निकै कमजोर छन् । यसले नदी किनार र जोखिमयुक्त क्षेत्रमा काम गर्ने श्रमिक तथा प्राविधिकका लागि सुरक्षित आश्रयस्थल पनि उतिकै जोखिम देखिएको छ । जसलेगर्दा आकस्मिक अवस्थामा उनीहरूलाई तत्काल सुरक्षित स्थानमा सार्ने र बेलैमा उद्धार गर्न नसकिने देखिन्छ । यतिसम्म कि आयोजनामा कार्यरत प्रत्येक व्यक्तिको आपत्कालीन सम्पर्क प्रणाली र परिवारसम्म सूचना पुऱ्याउने संयन्त्र पनि प्रभावकारी देखिएन । प्रभावकारीताबिना कुनै पनि कार्य कति जोखिम हुनेछन्, यसपटक पुष्टि भएको छ । किनभने विकासको अर्थ केवल विद्युत् उत्पादन बढाउनु, सडक विस्तार गर्नु वा सुरुङ निर्माण गर्नु मात्र होइन्,विकासको पहिलो आधार मानिसको सुरक्षा पनि हो । मानिस नै सुरक्षित छैन भने संरचना बनेर मात्र राज्य सफल हुन सक्दैन ।

भोटेकोशीको बाढीले मधेशमाथि पनि कठोर प्रश्न खडा गरेको छ–मधेशका यति धेरै युवा किन आफ्नो घरबाट सयौं किलोमिटर टाढा जोखिमपूर्ण रोजगारीमा पुग्न बाध्य छन् ? यसको उत्तर मधेशको आर्थिक संरचनाभित्र खोज्नुपर्छ । मधेश कृषि उत्पादनको ठूलो आधार भए पनि कृषिले सबैलाई पर्याप्त रोजगारी दिन सकेको छैन । कृषि उत्पादनलाई उद्योगसँग जोड्ने प्रणाली कमजोर छ । स्थानीय उद्योग, सेवा क्षेत्र र प्राविधिक रोजगारीका अवसर पर्याप्त छैनन् । शिक्षा र सीपअनुसारको रोजगारी गाउँमै उपलब्ध छैन । परिणामतः मधेशका युवा भारतदेखि खाडी मुलुकसम्म पुग्छन् । देशभित्र रोजगारी खोज्नेहरू काठमाडौं, पोखरा, चितवन हुँदै रसुवा र अन्य हिमाली जिल्लाका आयोजना क्षेत्रमा पुग्छन् ।

एउटा मधेशी परिवारको सपना पनि धेरै ठूलो हुँदैन । छोराले पढोस्, एउटा राम्रो जागिर पाओस्, घरको ऋण तिरोस्, बहिनीको विवाह गरिदियोस्, आमाबुबाका लागि पक्की घर बनाओस् र आफ्ना सन्तानलाई आफूले भोगेको अभाव नहोस्–यति नै । तर यिनै सामान्य सपनाका लागि एउटा युवा आफ्नो घर, गाउँ र परिवार छाडेर अपरिचित र जोखिमपूर्ण भूगोलमा पुग्छन् । उसको कमाइमा परिवारको शिक्षा, उपचार, विवाह, घर निर्माण र दैनिक जीवन निर्भर हुन्छन् । त्यसैले जब ऊ सम्पर्कविहीन हुन्छ, हराउने एउटा व्यक्ति मात्र होइन–सम्पूर्ण परिवारको आर्थिक आधार नै हल्लिन्छन् । यसकारण भोटेकोशीको विपद्लाई केवल प्राकृतिक विपदको रुपमा मात्र हेर्नु हुँदैन । किनभने यसले रोजगारी नीति, विकासको प्राथमिकता, श्रमिक सुरक्षा र विपद् व्यवस्थापनको अवस्थालाई एकैपटक कठघरामा उभ्याएको छ ।

अब राज्यको पहिलो जिम्मेवारी बेपत्ता नागरिकको बेलैमा खोजी हो । खोज तथा उद्धारलाई अन्तिम व्यक्तिसम्म पुऱ्याउनुपर्छ । पहिचान हुन नसकेका शवको वैज्ञानिक ढंगले व्यवस्थापन र पहिचान गर्नुपर्छ । जो राज्यले गरिरहेको देखिन्छन् । परिवारलाई सूचना दिने प्रणाली पारदर्शी र नियमित बनाउनुपर्छ । जो विभिन्न फ्रि सेवा मार्फत भइरहेको छ । दोस्रो, मृतक र बेपत्ता परिवारलाई तत्काल राहत दिएर मात्र राज्यको दायित्व पूरा हुँदैन । उनीहरूको दीर्घकालीन सामाजिक सुरक्षा, बालबालिकाको शिक्षा, स्वास्थ्य र जीविकोपार्जनको सुनिश्चितता आवश्यक छ । तेस्रो, जलविद्युत्, सडक, सुरुङ, पुललगायत जोखिमयुक्त क्षेत्रमा काम गर्ने प्रत्येक श्रमिक र प्राविधिकका लागि अनिवार्य पूर्वसूचना प्रणाली, सुरक्षित आश्रयस्थल, नियमित उद्धार अभ्यास, आपत्कालीन सम्पर्क र डिजिटल अभिलेखको व्यवस्था हुनुपर्छ । आयोजनाको अनुमति र सञ्चालनलाई श्रमिक सुरक्षासँग प्रत्यक्ष जोडिनुपर्छ । अनि मात्र कुनै स्वीकृति दिनुपर्छ ।

नेपाल मधेशले धान्नेको यथार्थ बेलैमा बुझ्नुपर्छ । यसको स्थायी समाधान पनि मधेशमै रोजगारी सिर्जना गर्नु हो ।कृषिलाई उद्योगसँग जोड्ने, कृषि प्रशोधन केन्द्र स्थापना गर्ने, साना तथा मझौला उद्योग विस्तार गर्ने, सीपमूलक शिक्षा बढाउने तथा सूचना प्रविधि र सेवा क्षेत्रमा रोजगारी विस्तार गर्ने र बजार व्यवस्थापन गर्ने नीति आवश्यक छ । मधेशको युवा आफ्नै गाउँ र जिल्लामा सम्मानजनक रोजगारी पाउने अवस्था बनेमा उसले जीवन जोखिममा राखेर टाढाको रोजगारी खोज्नुपर्ने बाध्यता स्वतः कम हुन्छ । भोटेकोशीमा बगेको पानी फर्केर आउँदैन । सम्पर्कविहीन भएका सबै मानिस पनि फर्केर आउलान् भन्ने निश्चित छैन । तर उनीहरूले आफ्नो परिवारका लागि देखेका सपना अझै जीवित छन् ।

भोटेकोशीमा बाढी रसुवा हुँदै त्रिशूलीमा आएको थियो । जसको पीडा मधेशका घर-घरमा पुगेको छ । हिमालमा नदी उर्लिएको थियो, मधेशमा आमाका आँखा उर्लिएका छन् । काचनटोलका वृद्ध लालबहादुर यादव

बाँकी पृष्ठ ३ ▶▶

## आजको राशिफल

**मेष :** संघर्ष गर्नुपर्ने दिन छ । बौद्धिक व्यक्तिसँग सल्लाह लिएर काम गर्नुपर्ने दिन छ ।

**बृष :** दिन राम्रो छ । वैदेशिक रोजगारीमा नाफा हुनेछ । बौद्धिक व्यक्तिसँगको परामर्शमा काम गर्दा फाइदा हुनेछ ।

**मिथुन :** दिन राम्रो छ । कृषि र फलफूलको व्यापार गरेमा फाइदा हुने योग छ । प्रेम सम्बन्ध सुमधुर बन्नेछ ।

**कर्कट :** दिन राम्रो छ । बौद्धिक व्यक्तिसँग भेट हुनेछ । प्रेम सम्बन्ध सुमधुर बन्ने योग छ ।

**सिंह :** दिन सामान्य छ । अभिभावकले दिएको आशिर्वादले मात्र तपाईंको दिन सहज बन्नेछ ।

**कन्या :** दिन राम्रो छ । परिवारको साथ र सहयोग मिल्ने छ । प्रेम सम्बन्ध सुमधुर बन्नेछ ।

**तुला :** दिन राम्रो छ । धार्मिक कार्यमा सहभागी भएर दिनको सुरुवात गर्नु उचित हुन्छ । पारिवारिक मेलमिलाप हुनेछ ।

**वृश्चिक :** दिन राम्रो छ । नयाँ व्यक्तिसँगको भेटले मन शान्त बन्नेछ । प्रेम सम्बन्ध सुमधुर बन्नेछ ।

**धनु :** दिन सामान्य छ । तपाईंको बोलीका कारण साथीभाई टाढा हुनेछन् । परिवारको सल्लाहमा गरेको काम सफल बन्नेछ ।

**मकर :** दिन राम्रो छ । जिम्मेवारी थपिने छ । दाजुभाइसँगको सहकार्यले फाइदा हुनेछ । जग्गाको कारोबारबाट भने फाइदा हुनेछ ।

**कुम्भ :** दिन सामान्य राम्रो छ । आफन्त टाढिने जोखिम छ । राजनीतिक नेतृत्वको साथमा महत्त्वपूर्ण काम बन्नेछ ।

**मीन :** दिन राम्रो छ । विदेशमा गरेको लगानीबाट नाफा हुनेछ । व्यापारमा हिम्मत गर्नुपर्ने देखिन्छ ।

**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**



**ज्योतिष डा. बिबेक पाण्डेय**
**जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२**

## दुर्घटनाका आरोपित रिहा भएपछि पीडित परिवार असन्तुष्ट .........

मुद्दा दायर गर्ने तयारीमा रहेको राजारामले बताए । परिवारले घटनाको निष्पक्ष छानबिन गरी दुर्घटनाका आरोपितमाथि कानुनी कारबाही गर्न र घाइतेको उपचार खर्च उपलब्ध गराउन माग गरेको छ ।

यता, प्रहरी नायब उपरीक्षक पाण्डेले आरोप अस्वीकार गर्दै बिना उजुरी कसैलाई लामो समय हिरासतमा राख्न नमिल्ने बताए । उनका अनुसार पीडित पक्षका राजाराम यादवलाई पटक-पटक फोन गरी प्रहरी कार्यालयमा आउन र उजुरी दिन आग्रह गरिएको थियो । तर, उनी नआएपछि आरोपितलाई रिहा गर्नुपरेको पाण्डेको भनाइ छ ।

पाण्डेका अनुसार आरोपितलाई तारेखमा छाडिएको हो । उनका अनुसार घटनापछि आरोपित महरालाई दिनभर इलाका प्रहरी कार्यालय मिर्चैयामा राखिएको थियो । पीडित परिवारका तर्फबाट कोही पनि कार्यालयमा नआएपछि छलफल हुन नसकेको उनले बताए ।

उनले आरोपितको मोटरसाइकल भने दुर्घटनाकै दिनदेखि प्रहरी कार्यालयमा राखिएको जानकारी दिए । कानुनबमोजिम समयमै उजुरी नआए २४ घण्टाभन्दा बढी हिरासतमा राख्ने आधार नरहेको उनको भनाइ छ ।

# बाढी पीडितलाई मन फुकाएर सहयोग गर्दै मधेशवासी

## उद्योगी, व्यवसायी भन्छन्– राष्ट्रिय विपद् हो, हामीले सहयोग नगरे कसले गर्छ ?



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, भदौ १७ गते**

भदौ १० गते रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण ठुलो जनधनको क्षति भएको छ । विपद्को यो घडीमा पीडित परिवारहरूलाई अहिले देश-विदेशबाट सहयोग गर्ने मनकारीहरू दिन प्रतिदिन बढिरहेका छन् ।

देशमा पीडा परेको बेला सबैले सहयोग गर्नुपर्छ भन्ने भावनाका साथ यतिबेला सबैले सहयोगका हात बढाइरहेका छन् । देश-विदेशबाट सहयोग गर्नेहरू लामबद्ध हुने क्रममा मधेश प्रदेश सरकार, मधेशका स्थानीय तह, शिक्षक, चिकित्सक, उद्योगी-व्यवसायीसँगै सर्वसाधारण समेत अग्रसर भएका छन् ।

मधेश प्रदेश सरकारले करिब साढे २ करोड रुपैयाँ बराबरको राहत सामग्री पठाइसकेको छ ।

धनुषास्थित लक्ष्मीनिया गाउँपालिकाले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा करिब ३० लाख रुपैयाँ सहयोग गरेको छ । उक्त रकममध्ये गाउँपालिकाको ११ लाख ११ हजार ११ सय ११ रुपैयाँ छ भने त्यहाँ कार्यरत सम्पूर्ण जनप्रतिनिधिको तर्फबाट ५ लाख २३ हजार ५ सय रुपैयाँ, कर्मचारीको तर्फबाट ५ लाख ४६ हजार ७९९ रुपैयाँ र गाउँपालिका अन्तर्गतको सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको तर्फबाट ७ लाख ८४ हजार १७२ रुपैयाँ प्रधामन्त्री कोषमा जम्मा गरिएको हो ।

त्यस्तै धनौजी नगरपालिकाले १५ लाख १५ हजार १५ सय १५ रुपैयाँ सहयोग गरेको छ भने पर्साको महागढीमाई नगरपालिकाले ४१ लाख ५१ हजार, ठोरी गाउँपालिकाले ११ लाख, महोत्तरीको मटिहानी नगरपालिकाले ५ लाख, जनकपुरमा रहेको एभरेष्ट सुगर मिल्सले ५१ लाख, रौतहटमा रहेको नेत्रज्योति संघले १० लाख रुपैयाँ सहयोग गरेको छ ।

यस्तै जनकपुरमा रहेको महावीर युवा कमिटीले १ लाख २५ हजार, जानकी हेल्थकेयरले ५ लाख ५१ हजार रुपैयाँ सहयोग गर्दा उद्योग वाणिज्य संघ जनकपुरले ५० लाख देखि १ करोडसम्मको राहत सामग्री बाढी पीडित क्षेत्रमा पठाउने तयारी गरेको छ ।

संघका अध्यक्ष सुरेन्द्र भण्डारीका अनुसार त्यहाँको आवश्यकता अनुसार खाद्यान्न र लत्ताकपडाका लागि व्यवसायीहरूबाट सामग्री सङ्कलनको काम भइरहेको छ । २ हजार थान ट्र्याक सुट बनाउन अर्डर दिइसकेको र बनेर आउनासाथ वितरण गर्न जाने उनले बताए ।

'विपद्बाट सिङ्गो देश प्रभावित भएको छ,' उनले भने, 'यस्तो बेलामा हामीले सहयोग नगरे कसले गर्छ ?'

त्यस्तै प्रदेशका मुख्य सहरहरूबाट खाद्यान्न, लत्ताकपडा, औषधि, टेन्ट, त्रिपाल लगायत दैनिक उपभोग्य वस्तु पठाउने संघसंस्था तथा व्यक्तिहरूको पनि लर्को छ । यीमध्ये कोही व्यक्तिगत खर्चमा, कोही सहयोग उठाएर बाढी प्रभावित क्षेत्रमा पठाइरहेका छन् ।

❍ ग्राहक बन्नु परेमा ।
❍ नवीकरण गर्नु परेमा ।
❍ ठेगाना परिवर्तन भएमा ।
❍ पत्रिका नियमित नआएमा ।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

# सुरुङ उद्धारमा सरकार घेराबन्दीमा, विपक्षीको प्रश्न-प्राण बचाउने कि प्रचार गर्ने ?

**अपन दैनिक संवाददाता**
**काठमाडौं, भदौ १७ गते**



रसुवा बाढीको एक सातापछि प्रतिनिधिसभा बैठक बस्दा सरकारले आफूले गरेको कामको जानकारी सदनलाई गराएको थियो । सरकारका तर्फबाट प्रधानमन्त्री वालेन्द्र शाह 'बालेन'ले सरकारले गरेको कामबारे सदनलाई जानकारी गराउँदा विपक्षी दलहरूले सरकारले समन्वय गर्न नसकेको, प्रधानमन्त्रीको शैली नमिलेको र गलत व्यख्या गरेको आरोप लगाए । विपक्षी दलहरूले सरकारलाई साथ दिन तयार भए पनि सरकार नै सहयोग लिन लचक नभएको आरोप पनि लगाए ।

रसुवा र नुवाकोटका विभिन्न जलविद्युत् परियोजनाका सुरुङभित्र फसेका व्यक्तिहरूको उद्धार गर्न सरकारले सकेको छैन । कतिपय सुरुङको प्रवेशद्वारसमेत फेला पर्न सकेको छैन । सुरुङभित्र थुनिएका व्यक्तिका आफन्तहरूले सरकारले समयमा उद्धार गर्न नसकेको भनेर आक्रोश पोखिरहेका छन् ।

प्रधानमन्त्री बालेनले भोटेकोसी बाढीपछि जलविद्युत् आयोजनामा भएको क्षति विशेष किसिमको भएको बताए । बाढीले गरेको जनधनको क्षतिका विषयमा जानकारी दिँदै उनले नेपालको जलविद्युत् आयोजनाका सुरुङमा बाढीले पुऱ्याएको क्षति अन्तर्राष्ट्रियस्तरमै नौलो भएको दाबी गरे । अन्तर्राष्ट्रियस्तरमा सुरुङमा आउने पहिरोलाई पन्छाएर उद्धार गर्न सक्ने विज्ञ भए पनि नेपालको हकमा बाढीसहित हिलो तथा माटोले पूर्ण रूपमा थुनिएकाले त्यसमा राम्रो विज्ञता कुनै देशसँग पनि नरहेको दाबी प्रधानमन्त्रीले गरे ।

'विभिन्न राष्ट्रमा जति उद्धार भएका थिए, त्योभन्दा यहाँ नेपालमा विल्कुलै फरक किसिमको अवस्था हो । त्यसैले जतिबेला बाढीले बगाएर ल्याएको हिलो सुक्छ, जतिबेला त्यहाँ अडिने ठाउँ हुन्छ र सुरुङमा पसेर ब्रेक गर्न सक्ने स्थिति बन्छ, तब मात्रै उद्धार अघि बढाउन सकिन्छ,' प्रधानमन्त्री बालेनले भने ।

उनले एउटा टनेलमा धेरै एक्स्याभेटर लगाएर खोतल्नसमेत सम्भव नभएको बताए । 'एकचोटिमा एउटा टनेलमा एक-दुईवटा भन्दा

बाँकी पृष्ठ ४ ▶▶

## भोटेकोशीमा बगेको मधेशको ............

आफ्ना तीन छोराको खबर पर्खिरहेका छन् । धनुषाकी पूजा सिंह नवजात शिशुसहित श्रीमान्को प्रतीक्षामा छिन् । यस्तै प्रतीक्षामा मधेशका सयौं परिवार छन् । त्यसैले भोटेकोशीको प्रश्न केवल यति होइन–कति घर बगे, कति सडक भत्किए र कति मानिस बेपत्ता भए ? सबैभन्दा ठूलो प्रश्न हो–देश बनाउन हिमाल पुगेका मधेशका हातहरू सुरक्षित छैनन् भने हामीले बनाइरहेको विकास आखिर कसका लागि हो ? अब विकासको मूल्य संरचना बनाउँदा त्यहाँ हरेक नागरिक र जलवायु परिवर्तन तथा वातावरणीय प्रभावलाई पनि महत्त्वपूर्ण रुपमा हेर्न जरुरी छ । किनकि भोटेकोशीमा बगेको पानीसँगै मधेशका धेरै घरले आफ्ना सन्तानसँग जोडेर राखेका सपनाहरू पनि बगेका छन् । जसलाई राज्यले पटकपटकको विपत्तिबाट पाठ सिकेर माथि उठेकोभए यतिसम्मको विपत्ति सामना गर्नुपर्ने थिएन ।

## लहान प्रादेशिक अस्पतालमा सेवाग्राहीको ............

स्पष्ट लाइन तथा डिजिटल वा टोकन प्रणाली र आवश्यक जनशक्ति व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

बिरामीको भीड हुनु नागरिकको स्वास्थ्य सेवा लिनुपर्ने बाध्यता हो । तर उक्त भीडलाई व्यवस्थित, सहज र समान रूपमा व्यवस्थापन गर्नु अस्पताल प्रशासनको जिम्मेवारी हो । त्यसैले अस्पतालमा देखिएको अवस्थालाई सेवा प्रणाली सुधारका लागि गम्भीरतापूर्वक समीक्षा गर्नुपर्ने आवश्यकता देखिन्छ ।

अस्पताल प्रशासनले सेवाग्राहीको चाप, सेवा प्रवाह र भीड व्यवस्थापनको अवस्थाको समीक्षा गरी सबै नागरिकले सहज, छिटो, पारदर्शी र समान रूपमा स्वास्थ्य सेवा पाउने वातावरण सुनिश्चित गर्न आवश्यक कदम चाल्नुपर्ने देखिन्छ ।

प्रादेशिक अस्पताल लहानका मेडिकल सुपरिटेन्डेन्ट डा. वर्षा प्रकाशसँग अस्पतालको सेवा व्यवस्थापन तथा सेवाग्राहीको भीडबारे प्रतिक्रिया लिन सम्पर्क गर्ने प्रयास गरिए पनि फोन सम्पर्क हुन सकेन ।

## रमौलवासीद्वारा बाढीपीडितका लागि १३ लाख ४४ हजार ............

क्षमता र इच्छाअनुसार स्वेच्छिक रूपमा सहयोग गरेका थिए ।

भोटेकोशीमा आएको बाढीका कारण ठूलो जनधनको क्षति भएको र अझै पनि धेरै परिवार प्रभावित अवस्थामा रहेकाले पीडितको उद्धार, राहत तथा पुनःस्थापनामा सहयोग आवश्यक रहेको स्थानीयवासीले बताएका छन् । प्राकृतिक विपद्का बेला प्रभावित नागरिकलाई सहयोग गर्नु सामाजिक दायित्वसमेत भएकाले गाउँवासी एकजुट भएर राहत कोषमा रकम जम्मा गरेको उनीहरूको भनाइ छ ।

रकम सहयोगसँगै रमौलवासीले बाढीमा परी ज्यान गुमाएका प्रति श्रद्धाञ्जली व्यक्त गरेका छन् । उनीहरूले शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गर्दै बाढीमा घाइते भएकाहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् । साथै बाढीपछि बेपत्ता भएका नागरिकको सकुशल उद्धारका लागि समेत स्थानीयवासीले कामना गरेका छन् ।

सहयोग रकम हस्तान्तरण तथा जानकारी गराउने कार्यक्रममा सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल, जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी उपरीक्षक बासुदेव पाठक, सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापा क्षेत्री, राष्ट्रिय अनुसन्धान विभागका उपअनुसन्धान निर्देशक सुरेन्द्र कोइराला तथा सिरहा नगरपालिका-४ का वडाध्यक्ष मोहम्मद समसद आलमलगायतको उपस्थिति थियो ।

स्थानीय तह, सुरक्षा निकाय तथा प्रशासनिक अधिकारीको उपस्थितिमा रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको जानकारी गराइएको थियो । स्थानीयवासीको यो सहयोगले विपद्का बेला समुदायस्तरबाट पनि पीडितको राहत तथा पुनःस्थापनामा महत्वपूर्ण योगदान पुग्न सक्ने सहभागीहरूले बताएका छन् ।

भोटेकोशी नदीमा आएको बाढीले तटीय क्षेत्रमा सडक, पुल, विद्युत् संरचना, घर तथा अन्य भौतिक संरचनामा क्षति पुऱ्याउनुका साथै मानवीय क्षतिसमेत भएको छ । विपद्बाट प्रभावित नागरिकलाई तत्काल राहत उपलब्ध गराउन सरकारी तथा गैरसरकारी निकायबाट विभिन्न तहमा सहयोग तथा उद्धारका कार्य भइरहेका छन् ।

रमौलवासीले पनि सोही मानवीय भावनासहित स्थानीय स्तरमा रकम संकलन गरी विपद् प्रभावितका लागि सहयोग गरेका हुन् । स्थानीयवासीको सामूहिक प्रयासबाट संकलित ठूलो रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिनुले विपद्को समयमा स्थानीय समुदायको सामाजिक उत्तरदायित्व र सहयोगी भावनालाई समेत उजागर गरेको छ ।





माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।




# रसुवा बाढीमा मानवीय क्षति १ हजार २०२, ४ हजार २१६ अझै सम्पर्कविहीन

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ १७ गते**

रसुवालगायतका क्षेत्रमा आएको बाढी तथा पहिरोमा परी हालसम्म १ हजार २०४ जनाको मानवीय क्षति भएको छ भने ४ हजार २१६ जना अझै सम्पर्कविहीन रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ।

प्राधिकरणले बुधबार साँझ ६ बजेसम्म सार्वजनिक गरेको खोज, उद्धार तथा राहतसम्बन्धी विवरणअनुसार रसुवामा ११५, नुवाकोटमा १५५, धादिङमा ६०, गोरखामा ६९, तनहुँमा ३८, नवलपरासी पूर्वमा २१७, नवलपरासी पश्चिममा २०२ र चितवनमा ३४८ जनाको शव फेला परेको छ।

प्राधिकरणका अनुसार विभिन्न स्थानबाट हालसम्म ११ हजार ९९३ जनाको उद्धार गरिएको छ। उद्धार गरिएकामध्ये नेपाली सेनाले हेलिकोप्टरमार्फत विदेशी २७३ जना र नेपाली ४ हजार ९१ जनाको उद्धार गरेको जनाएको छ।

बाढी तथा पहिरोमा परी घाइते भएका ३०१ जनाको उपचार गरिएको छ। तीमध्ये विभिन्न अस्पतालबाट १९५ जना डिस्चार्ज भइसकेका छन्। नेपाली सेनाबाट ३ हजार १११ जना र सशस्त्र प्रहरीबाट १ हजार ६२८ जनालाई स्वास्थ्य उपचार उपलब्ध गराइएको प्राधिकरणको विवरणमा उल्लेख छ।

विपद्पछि खोज तथा उद्धारका लागि नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी बल नेपालसहित २१ हजार ३१४ सुरक्षाकर्मी परिचालन गरिएको छ। जसमा नेपाल प्रहरीका ७ हजार ९१२, नेपाली सेनाका ९ हजार १९९ र सशस्त्र प्रहरी बल नेपालका ४ हजार २०३ जना छन्।

प्रभावित क्षेत्रमा हाल ३ हजार ४५३ जना होल्डिङ सेन्टरमा रहेका छन्। नुवाकोटमा २ हजार ४६६, धादिङमा २६०, रसुवामा ३९८ र काठमाडौंमा ३२९ जना होल्डिङ सेन्टरमा रहेको विवरणमा उल्लेख छ।

उद्धार तथा राहतका लागि प्रभावित क्षेत्रमा हालसम्म ४५ ट्रक र ३७ बोलेरो मार्फत खाद्य तथा गैरखाद्य सामग्री पठाइएको छ। हेलिकोप्टरबाट समेत राहत सामग्री ढुवानी भइरहेको तथा मंगलबार थप १४ वटा गाडीमार्फत राहत सामग्री प्रभावित क्षेत्रमा पठाइएको प्राधिकरणले जनाएको छ।

विपद् प्रभावित क्षेत्रमा ३४ हजार लिटर डिजेल, १६ हजार लिटर पेट्रोल र ७ हजार लिटर हवाई इन्धन मौज्दात रहेको विवरणमा उल्लेख छ।

यसैगरी, सरकारले रसुवाका लागि १ करोड, नुवाकोटका लागि १ करोड र धादिङका लागि ५० लाख रुपैयाँ नगद राहत उपलब्ध गराएको छ। प्रभावित १५ पालिकाका लागि ६ करोड ७५ लाख रुपैयाँ निकासा गरिएको प्राधिकरणले जनाएको छ। प्रभावित पालिकालागि थप ६ करोड ७५ लाख निकासा गरिएको छ।

प्रभावित क्षेत्रमा सञ्चार सेवा पनि प्रभावित भएको छ। नेपाल टेलिकमका ११० टावरमा क्षति पुगे पनि हाल सबै सञ्चालनमा रहेको तथा एनसेलका ७८ टावरमा क्षति पुगेकामा ७५ वटा टावर सञ्चालनमा ल्याइएको प्राधिकरणको विवरणमा उल्लेख छ।

सम्पर्कविहीनमध्ये नेपाली तथा विदेशी नागरिकसमेत रहेका छन्। उनीहरूको खोजी तथा उद्धार कार्य जारी रहेको प्राधिकरणले जनाएको छ। पछिल्लो विवरणअनुसार उद्धार कार्य सडक तथा भौतिक संरचना क्षतिग्रस्त भएका कारण चुनौतीपूर्ण बनेको छ।

## सुरुङ उद्धारमा सरकार घेराबन्दीमा, विपक्षीको प्रश्न-प्राण बचाउने ............

बढी एक्स्याभेटरले काम गर्न सक्दैन। त्यसको एउटा सीमा छ। सीमाभन्दा बाहिर गएर एक्स्याभेटर लगाउन सकिँदैन। उद्धारकर्ताहरूले आफ्नो काम गरिरहनुभएको छ। विचलित भएका छैनौं,' प्रधानमन्त्री बालेनले भने।

उनले सुरुङ उद्धारमा भएको ढिलाइको विषयमा आएको गुनासोबारे जानकारी भएको बताए। 'टनेलमा आएको विपत्ति विशेष किसिमको छ। ढिलाइबारे जुन गुनासो आएको छ, त्यो पूर्ण रूपमा बुझ्छौं। हामी गुनासोबाट विचलित भएका छैनौं,' प्रधानमनत्री बालेनले भने।

उनले प्रदेश र स्थानीय सरकारसँग समन्वय भइरहेको र अबका दिनमा पनि गर्ने बताए।

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का संसदीय दलका उपनेता गणेश पराजुलीले विपत्को समयमा नेतृत्वको भूमिका स्वयम् काम गर्न दौडिने नभई राज्यका सम्पूर्ण संयन्त्रलाई नागरिकको जीवनरक्षामा केन्द्रित गर्ने भएको बताए। उनले प्रभावित क्षेत्रमा खटिएका सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वयंसेवकले राज्य र नेतृत्व आफ्नो साथमा दृढतापूर्वक उभिएको अनुभूति गर्न सक्नुपर्नेमा जोड दिए।

'संकटको समयमा नेतृत्वको भूमिका स्वयम् सबै काम गर्न दौडिने मात्र होइन। सही ठाउँमा सही निर्णय र व्यक्तिलाई परिचालन गर्ने आवश्यक निर्णय तत्काल गर्ने, अवरोध हटाउने र सम्पूर्ण संयन्त्रलाई नागरिकको जीवनरक्षामा केन्द्रित गराउने हो। त्यसैले यस्तो विपत्तिमा नेतृत्वले आफ्नो स्थान नछाडि कमान्ड, कोअर्डिनेसन, कम्युनिकेसनको शृंखला बलियो बनाइराख्नुपर्छ,' उनले भने, 'मैदानमा खटिएका सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, कर्मचारी र स्वयंसेवकले हाम्रो पछाडि निर्णय निसक्ने राज्य र नेतृत्व दृढतापूर्वक उभिएको छ भन्ने अनुभूति गर्न पाउनुपर्छ।'

उनले प्रत्येक निकायलाई जिम्मेवार र परिणाममुखी ढंगले परिचालन गर्न सक्नु पनि वास्तविक नेतृत्वको परीक्षा रहेको बताए। 'जिम्मेवार नेतृत्वको भूमिका आफैंमा उद्धारकर्मीका लागि साहस, सम्बन्धित निकायका लागि निर्देशन र नागरिकका लागि भरोसा हो। संकटको बेला पदमा रहनु मात्र नेतृत्व होइन, आफ्नो जिम्मेवारी पहिचान गरी त्यसमा अडिग रही प्रत्येक निकायलाई जिम्मेवार र परिणाममुखी ढंगले परिचालन गर्न सक्नु पनि वास्तविक नेतृत्वको परीक्षा हो,' पराजुलीले भने।

बैठकमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले बाढीपछि सुरुङभित्र फसेका नागरिकको खोज तथा उद्धारमा भएको ढिलाइ अमानवीय र गम्भीर विषय भएको बताए। उनले खोज तथा उद्धारमा भएको ढिलाइका कारण सुरुङभित्र भएको मृत्युको विषयमा सरकारले जिम्मा लिनुपर्ने बताए। 'विपदमा सत्तापक्ष र प्रतिपक्ष नभनीकन हामी भनेर सामना गर्नुपर्छ। हामी सरकारको साथमा छौं,' उनले भने।

तर, सुरुङभित्रका मानिसको उद्धारमा भएको ढिलाइमा प्रश्न गरे। सुरुङभित्र ज्यान गुमाएको नभएर 'हत्या' भएको टिप्पणी उनको थियो।

'सुरुङभित्र फसेका मानिसको उद्धारमा आयोजना र निजीक्षेत्रलाई जान नदिने, इन्जिनियर, प्राविधिक तथा विषयविज्ञहरूको कुरा नसुन्ने, आफू एक्सन नगर्ने, अरुलाई गर्न नदिने अनि सात दिन बितिसकेपछि हात उठाएर सरकारले भन्ने- सुरुङमा आफैं खोज। यो कस्तो संवेदनशीलता र जिम्मेवारी हो ?,' आङ्देम्बेले भने, 'यो असंवेदनशीलता त ढिलाइका कारण ती सुरुङभित्र भएको मृत्यु-मृत्यु हो कि हत्या सभामुख महोदय ? बारम्बार ध्यानाकर्षण गराउँदा पनि सरकार चुक्यो। यसको जिम्मा सरकारले लिनुपर्छ।'

यो 'प्रचार होइन प्राण बचाउने समय हो' भनेका आङ्देम्बेले नागरिकको जीवनसँगको प्रश्नलाई गालीको विषयभन्दा आफैंभित्र समीक्षाको विषय बनाउन सरकार र सत्तासीनलाई सुझाव दिए। सुरुङभित्र फसेका नागरिकको खोज तथा उद्धारमा सुरुदेखि नै सरकारी, निजी, अन्तर्राष्ट्रिय प्रविधि र दक्ष टिमसहित उद्धारमा केन्द्रित नभएर सरकारले थप क्षतिको जोखिममा धकेल्ने काम गरेको उनले बताए।

'सम्बन्धित क्षेत्रका विज्ञहरूले भनेका थिए, सुरुङ उद्धारमा घटना भएको पहिलो ७२ घण्टालाई 'गोल्डेन आवर' मानिन्छ। यसबीच उद्धार गर्न सकिए धेरैको ज्यान बचाउन सकिन्छ। तर, निजी र अन्तर्राष्ट्रिय सहयोग लिन ढिलाइ गर्दा थप क्षतिको जोखिममा धकेल्ने काम भयो,' उनले भने।

कांग्रेसले सुरुवातदेखि नै विपत्मा सत्तापक्ष र प्रतिपक्ष नभनीकन हामी भनेर सामना गर्नुपर्छ भन्दा पनि सरकारले समन्वय नगरेको उनको आरोप छ।

सरकार समयमै बाढी प्रभावित नागरिकसम्म पुग्न नसकेको उनले बताए। 'सरकार सामाजिक सञ्जालमा अल्झियो, जोखिममा परेका समुदायसम्म समयमा पुगेन,' आङ्देम्बेले भने, 'सरकारमा परिणाम दिन र प्राण जोगाउनुभन्दा प्रचार मिलाउन लाग्यो। फिल्डमा भन्दा फेसबुकमा धेरै भयो, हल्लामा लाग्यो।'

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संसदीय दलका नेता एवं संयोजक पुष्पकमल दाहाल प्रचण्डले विपत्को बेला जनपरिचालन नभएको बताए। उनले सुरुवातमा सरकारले सक्रियता देखाएको भए पनि पछि त्यसअनुसार काम नभएको बताए।

सेना परिचालन गरिएको भए पनि जनपरिचालन नभएको प्रचण्डको भनाइ छ। 'प्रधानमन्त्री र मन्त्री सक्रिय भएर जाने आउनेमा त देखियो, सेनाले जोखिम उठाएर उद्धार र राहतमा खेलेको भूमिका देखियो। त्यसका लागि धन्यवाद,' उनले भने, 'सेना परिचालन भयो, जनपरिचालन भएन। जनपरिचालन नगर्दासम्म समस्याको वास्तविक समस्या समाधान हुँदैन।'

उनले सेनासँगै जनतालाई पनि परिचालन गर्नुपर्नेमा जोड दिए। 'सेना परिचालनसँगै जनपरिचालन जोडिएन, केन्द्रीयसँगै स्थानीय सरकार जोडिएन भने समस्याको समाधान हुँदैन,' प्रचण्डले भने।

संसद भवन परिसरमा पत्रकारसँगको कुराकानीमा उनले विपत् व्यवस्थापन र उद्धार कार्यमा सरकार पूर्ण रूपमा असफल भएको टिप्पणी गरे।

'मैले संसदको रोस्ट्रमबाटै पनि भनिसकेको छु, उद्धार कार्यमा सरकार सफल छैन। सुरुमा केही तत्परता देखिए पनि पछि यो फितलो हुँदै गयो। समग्रमा उद्धार कार्य मूलभूत रूपमा सफल हुन सकेन,' उनले भने।

प्रधानमन्त्रीले संसदमा प्रस्तुत गरेका कतिपय तथ्यहरू भ्रामक रहेको समेत प्रचण्डको दाबी थियो। उद्धारमा प्रयोग गरिएका उपकरण, प्राविधिक विज्ञता र टनेलभित्रको वस्तुस्थितिका बारेमा प्रधानमन्त्रीले गलत जानकारी दिएको भन्दै सदनमा समेत सो विषयमा बहस भएको उनले बताए।

'प्रधानमन्त्री सबैको साझा अभिभावक हुनुपर्छ र सबै पक्षबीच सहकार्य तथा सहमतिको वातावरण निर्माण गर्ने मुख्य जिम्मेवारी उहाँकै हुन्छ। तर, वर्तमान प्रधानमन्त्रीको कार्यशैलीमा त्यस्तो समन्वयकारी भूमिका देखिएन,' उनले भने।

नेकपा एमाले संसदीय दलका नेता रामबहादुर थापा 'बादल'ले प्रधानमन्त्री वालेन्द्र शाह 'बालेन'ले आफ्नो शासन शैलीमा परिवर्तन गर्नुपर्ने बताए। सामूहिक र संगठित प्रयासले मात्रै विपत्को जोखिम न्यूनीकरण र व्यवस्थापन गर्न सकिने उनको भनाइ थियो।

प्रधानमन्त्री बालेनले आफ्नो एकांगी शासन शैलीमा गुणात्मक परिवर्तन गर्नुपर्ने बताए। सरकार संसदप्रति पूर्णतः उत्तरदायी हुनुपर्ने र आफ्ना योजनाहरूबारे संसदलाई निरन्तर जानकारी गराउनुपर्ने उनको भनाइ छ।

**एमालेले सरकारलाई ८ सुझाव दिएको छः**

**१. प्रधानमन्त्रीको कार्यशैलीमा सुधार र उत्तरदायित्व** : प्रधानमन्त्रीले आफ्नो काम गर्ने एकांगी शैली त्यागी संसदप्रति पूर्ण उत्तरदायी बन्नुपर्ने र सरकारका योजनाबारे सदनलाई नियमित जानकारी गराउनुपर्ने।

**२. सर्वपक्षीय संयन्त्रको निर्माण**: राष्ट्रिय सहमतिबाट मात्र संकटको सामना गर्न सकिने भएकाले राजनीतिक दल, नागरिक समाज र विज्ञ सम्मिलित 'सर्वपक्षीय सर्वदलीय संयन्त्र' बनाउन पहल गर्नुपर्ने।

**३. विशेष संसदीय समिति गठन**: सरकारलाई विपत् व्यवस्थापनमा सचेत गराउन र आवश्यक सहयोग पुऱ्याउन सभामुखको पहलमा 'विशेष संसदीय समिति' गठन गर्नुपर्ने।

**४. अन्तर्राष्ट्रिय समन्वय कार्यदल**: अन्तर्राष्ट्रिय सहयोग, क्षतिपूर्ति र समन्वयका लागि परराष्ट्रमन्त्रीको नेतृत्वमा 'विशेष कार्यदल' गठन गर्नुपर्ने।

**५. युनिफाइड स्पेसल टास्कफोर्स**: युद्धस्तरमा खोज, उद्धार र राहत कार्य सञ्चालन गर्न रक्षामन्त्रीको नेतृत्वमा 'युनिफाइड स्पेसल टास्कफोर्स' बनाउनुपर्ने।

**६. पुनर्निर्माण कार्यदल**: बाढीबाट ध्वस्त भौतिक पूर्वाधारको पुनर्निर्माणका लागि अर्थमन्त्रीको नेतृत्वमा 'विशेष कार्यदल' गठन गरी काम अघि बढाउनुपर्ने।

**७. सगरमाथा संवादको दोस्रो संस्करण**: जलवायु परिवर्तनबाट उत्पन्न परिस्थितिको सामना गर्न अन्तर्राष्ट्रिय ऐक्यबद्धता जुटाउन र रणनीति तय गर्न 'सगरमाथा संवाद'को दोस्रो संस्करण तत्काल सुरु गर्नुपर्ने।

**८. सामूहिक र संगठित प्रयास**: विपत्को यो घडीमा छरिएर होइन, सामूहिक र संगठित प्रयासबाट मात्रै संकटको सामना गर्न सकिने भएकाले सोहीअनुसारको सरकारी तत्परता हुनुपर्ने।

एमाले संसदीय दलका नेता थापाले राष्ट्रिय संकटको समयमा प्रतिपक्ष सरकारलाई रचनात्मक सहयोग गर्न तयार रहेको समेत बताए।

शाहीले बाढी आएकै दिन आफूले गृह मन्त्रालय पुगेर सुरुङभित्र मानिसहरू फसेको जानकारी फोन नम्बरसहित गराउँदा पनि सुनुवाइ नभएको गुनासो गरे।

७२ घण्टापछि मात्र अनुगमन टोली पुगेको र ९६ घण्टापछि मात्रै उद्धार टोली पठाइएको भन्दै उनले सरकारी तत्परतामाथि प्रश्न उठाए। शाहीले स्थानीय तहका जनप्रतिनिधिहरू बेपत्ता भएको र कतिपयले सरकारले समन्वय नगरेको भन्दै सन्देशहरू पठाइरहेको अवस्थामा केन्द्र सरकारले स्थानीय तहलाई उचित परिचालन गर्न नसकेको टिप्पणी गरे।

सुरुङभित्र परेको लेदो निकाल्ने प्रविधि विश्वभर उपलब्ध रहेको उल्लेख गर्दै शाहीले प्रधानमन्त्रीको त्यस्तो प्रविधि संसारमै छैन भन्ने भनाइको खण्डन गरे।

'प्रधानमन्त्रीले हिलो निकाल्ने प्रविधि संसारमै छैन भन्नु सरासर गलत हो। आजको युगमा प्रविधि उपलब्ध छ तर, सरकारले त्यसको प्रयोग र खरिदमा चासो देखाएन। ९६ घण्टापछि पुगेको टोली पनि सरकारको नभई हामी आफैँले लगेका पर्वतारोहीहरू थिए,' उनले भने।

सुरक्षाकर्मीहरूले स्रोतसाधनको अभावका बावजुद ज्यान जोखिममा राखेर काम गरिरहेको भन्दै उनले मौखिक प्रशंसा मात्र पर्याप्त नहुने बताए। सुरक्षाकर्मी र निजामती कर्मचारीको सेवा सर्त र जोखिम फरक हुने भएकाले सोहीअनुसारको सुविधा व्यवस्था गर्न मन्त्रिपरिषद्लाई आग्रह गरे।

श्रम संस्कृति पार्टीका सांसद ध्रुव राईले संकटको बेलामा एकअर्काबीच आरोप प्रत्यारोप गर्न नहुने बताए। 'यो संकटमा सरकारलाई हाम्रो साथ छ। सरकारसँग असहमति हुन सक्छ, आलोचना हुन सक्छ तर विपत्तिमा राज्य कमजोर बनाउने पक्षमा हामी छैनौं। हामी राज्यसँग काँधमा काँध मिलाएर, हातमा हात मिलाएर उद्धार र राहतमा अघि बढ्न तयार छौं। हामी कहाँ उभिनुपर्ने, हामी तयार छौं,' उनले भने।

सांसद राईले सरकारलाई आफ्नो पार्टीको तर्फबाट कति हजार श्रमदाता चाहिन्छ उपलब्ध गराउन तयार रहेको बताए।

